नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
(प्रशासन तथा प्रेस शाखा)

फोनः ४११२७१७
४११२५५१
४११२७५३
४४११८१६

पत्रसंख्या :-२०७५/७६

च.नं.:-

मितिः २०७६/०२/३१

**विषयः- <u>जेठ असार महिनाको बिल बुझाउने सम्बन्धमा ।</u>**

**श्री सम्पूर्ण सञ्चारगृहहरु ।**

प्रस्तुत विषयमा मिति २०७४/११/०२ गतेको माननीय मन्त्रीस्तरीय निर्णयबाट लोक कल्याणकारी विज्ञापन प्रकाशन, प्रसारण र रकम भुक्तानी गर्ने कार्यविधि, २०७४ (पहिलो संशोधन, २०७५) स्वीकृत भई सोही बमोजिम लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रकम भुक्तानी भै रहेकोमा उक्त कार्यविधिमा भएको व्यवस्थाअनुसार देहायबमोजिम बिल बुझाउनुहुनु अनुरोध गरिन्छ ।

१. २०७६ साल जेठ महिनाको बिल २०७६ साल असार २० गतेभित्र अनिवार्य रुपमा बुझाइसक्नुपर्ने छ । यो मितिभन्दा पछाडी प्राप्त जेठ महिनाको बिलको रकम भुक्तानी हुने छैन ।
२. २०७६ साल असार महिनाको बिलको भुक्तानी सोही महिनाको मसान्तसम्मा गरिसक्नुपर्ने भएकोले २०७६ साल असार २५ गतभित्र पूरा अंक प्रकाशित भएको पत्रिका तथा बिल बुझाई सक्नुपर्ने छ ।
३. २०७६ साल असार महिनाको पूरा अंक पत्रिका प्रकाशन हुन बाँकी पत्रिकाहरुको बिल तथा पूरा अंक पत्रिका श्रावण महिनाको ७ गतेसम्मा अनिवार्य रुपमा विभाग तथा जिल्ला हुलाक निर्देशानलय वा जिल्ला हुलाक कार्यालयहरुमा बुझाई सक्नुपर्नेछ । श्रावण ७ गतेसम्म प्राप्त पत्रिकाहरुको बिल श्री कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी बाँकीको कच्चाबारी म.ले.प.फा.नं. १८ प्रमाणि भएपछि भुक्तानी गरिनेछ । श्रावण ७ गते पछाडी प्राप्त हुने बिलको रकम भुक्तानी हुने छैन ।

नोटः लोक कल्याणकारी विज्ञापन भुक्तानी गर्ने क्षेत्रीय हुलाक निर्देशनालय तथा जिल्ला हुलाक कार्यालयहरुले उपरोक्तबमोजिम भुक्तनी व्यवस्था मिलाउन हुनसमेत अनुरोध छ ।

२०७६/२/३१

लक्ष्मण प्रसाद खनाल
लेखा अधिकृत